# आन्तरिक राजस्व विभाग (IRD) र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) वीच सूचना आदानप्रदान गर्ने समझदारी पत्र

करदाता तथा लेखा परीक्षकले सम्पादन गर्ने कार्यको नियामक निकायका रुपमा काम गर्ने आन्तरिक राजस्व विभाग र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था वीच करदाताको कारोवारको यथार्थ अवस्थाको घोषणा गर्न गराउन ,लेखापरीक्षकलाई स्वतन्त्र, जिम्मेवार एवं व्यवसायिक भई कार्य गर्न अभिप्रेरित गराउने उद्देश्यलेलेखा परीक्षण गर्ने/गराउने करदाता तथा लेखा परीक्षकसँग सम्बन्धित देहाय बमोजिमका कार्य र सूचना आदान प्रदान गर्नका लागि दुवै पक्ष वीच यो पारस्परिक समझदारी गरिएको छ ।

१. ICAN बाट लेखापरीक्षण गर्न स्वीकृति प्राप्त गरी नविकरण भएका सदस्यहरुले मात्र लेखापरीक्षण गर्न पाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि स्वीकृती प्राप्त लेखापरीक्षकले लेखापरीक्षण गरेका वित्तीय विवरण मात्र एकिकृत कर प्रणालीले स्वीकार गर्ने व्यवस्था मिति २०७६ बैशाख १ गतेबाट पूर्ण रुपमा लागू गर्ने ।

२. लेखापरीक्षकले सम्वन्धित आर्थिक वर्षमा कुन कुन फर्मको लेखापरीक्षण गरेको हो सो को विवरण प्रणालीबाटै प्राप्त हुने व्यवस्था आर्थिक वर्ष २०७६।०७७ बाट शुरु गर्ने ।

३. सरोकारवालाले स्थायी लेखा नम्बर वा लेखापरीक्षक प्रमाणपत्र नम्बर राखी Search गर्दा लेखापरीक्षकको प्रमाणपत्रको अवस्था, बर्गीकरण एवं लेखापरीक्षण गर्न पाउने कारोवार रकमको सीमा आन्तरिक राजस्व विभागको ITS मा हेर्न मिल्ने गरी व्यवस्थित गर्ने ।

४. ICAN बाट बार्षिक रुपमा नवीकरण भएका लेखा परीक्षकहरुको सूची सहितको अनलाईन विद्युतीय तथ्याङ्कमा IRD को प्रणालीको पहुँच हुने व्यवस्था गर्ने ।

५. कर लेखापरीक्षण प्रतिवेदन (Tax Audit Report) को ढाँचा २०७६ आषाढ भित्र तयार गर्ने र विभागको स्वीकृति पश्चात कर लेखापरीक्षणको प्रतिवेदन कर लेखापरीक्षकले नै आन्तरिक राजस्व विभागमा अनलाईनबाट पठाउने व्यवस्था गर्ने ।

६. विद्युतिय हस्ताक्षर ( Digital Signature) को कानूनी मान्यता पश्चात कर लेखापरीक्षण प्रतिवेदनमा लेखा परीक्षकको विद्युतीय हस्ताक्षर गर्ने व्यवस्था ICAN ले मिलाउने ।

७. यो समझदारी कार्यान्वयन गर्न ICAN र IRD ले एक-एक जना सम्पर्क व्यक्ति तोक्ने ।

८. यो समझदारी पत्र दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागू हुने ।

९. दुवै पक्षको सहमतिमा आवश्यकतानुसार यस समझदारी पत्रमा संशोधन गर्न सकिने ।

सि.ए.जगन्नाथ उपाध्याय (निरौला)
अध्यक्ष
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोबाटो, ललितपुर ।

विष्णुप्रसाद नेपाल
महानिर्देशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं ।

साक्षीः

कार्यकारी प्रमुख
सि.ए. संजय कुमार सिन्हा
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

उपमहानिर्देशक
यज्ञ प्रसाद ढुंगेल
आन्तरिक राजस्व विभाग

इति सम्बत् २०७५ साल चैत्र महिना १४ गते रोज ५ शुभम्......।